नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या : ०७६/७७

च.नं. : १५१

मिति : २०७६/०७/२६

श्री स्थानीय तह, सबै।

**बिषयः स्थानीय तहको परियोजनाको लागि जग्गा प्राप्तीको लागि आवश्यक विवरण सम्बन्धमा।**

प्रस्तुत बिषयमा जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ (क) मा स्थानीय तहद्धारा सञ्चालन गरिने परियोजनाको लागि जग्गा आवश्यक पर्ने भएमा सम्बन्धित स्थानीय तहले ऐन बमोजिमको मुआब्जा र अन्य सबै खर्च व्यहोर्ने गरी कुनै जग्गा प्राप्त गराई दिन नेपाल सरकार समक्ष अनुरोध गरेमा नेपाल सरकारले त्यस्तो जग्गा स्थानीय तहलाई प्राप्त गराईदिने गरी निर्णय गर्न सक्ने व्यवस्था रहेको छ। उक्त प्रावधान अनुसार स्थानीय तहको परियोजनाको लागि जग्गा प्राप्त गराइदिने विषयमा मन्त्रालयमा अनुरोध गर्दा देहायको विवरण सहित पठाउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

तपशिलः

१) जग्गा प्राप्ती गर्न खोजेको परियोजनाको संक्षिप्त विवरण;

२) प्राप्त गर्न चाहेको जग्गाको ठेगाना, क्षेत्रफल, कित्ता नं. र सम्बन्धित नापी कार्यालयबाट प्रमाणित नक्सा;

३) वार्षिक योजना / बजेटमा जग्गा प्राप्ति गर्ने गरी बजेट विनियोजन भएको विवरणको प्रतिलिपि;

४) जग्गा प्राप्ति गर्ने सम्बन्धमा जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ (क) अनुसार नेपाल सरकारलाई अनुरोध गर्ने कार्यपालिकाको निर्णय;

५) बुदा नं. १ देखि ४ सम्मको विवरण संलग्न सहित कार्यालयको पत्र ।

(जनकराज शर्मा)
शाखा अधिकृत

बोधार्थ :

सूचना तथा प्रविधि शाखा; **Website** मा **upload** गरिदिनुहुन ।